स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विपिन कार्की एक महिनादेखि घरमै स्वास्थ्यलाभ गरिरहेका छन् । थप एक महिना उनी घरमै हुनेछन् । केही वर्षअघि मोटरसाइकल दुर्घटना भएपछि उनको खु ामा स्टिल हालिएको थियो । घरमै बसिरहँदा पनि विपिनले नयाँ फिल्म गर्ने पक्का भएको छ । आर्टमाण्डु नेपाल प्रालिको कथानक फिल्म 'ऊनको स्वीटर'को शीर्ष भूमिकामा विपिन अनुबन्धित भएका छन् । नवीन चौहानले निर्देशन गर्ने यो फिल्म गत जेठ ३१ गते चलचित्र विकास बोर्डमा पनि सोही टाइटलमा दर्ता भइसकेको छ ।

**आजको विचार...**



मदन देउराली

हरियशनी...
(दुई पेजमा)



गरिमा शर्मा पछिल्लो समयकी व्यस्त र रुचाइएकी म्युजिक भिडियो मोडल तथा अभिनेत्री हुन् । सामाजिक सञ्जालमा उनको सक्रियता बढी नै देखिन्छ । टिकटकदेखि इन्स्टाग्राममा उनी पोस्ट अपडेट गरिरहन्छिन् । फ्यानलाई आफ्नो गतिविधि सेयर गर्ने मामिलामा उनी अगाडि छिन् । सोमबार उनले इन्स्टाग्राम स्टोरीमा गरेको पोस्ट चाहिँ अघिपछि भन्दा भिन्न थियो । जसमा उनले आफू प्रेममा रहेको स्पष्ट संकेत गरेकी छन् । एक युवकसँगको श्यामश्वेत तस्वीर पोस्ट गर्दै उनले प्रेमिल शब्द पनि लेखेकी छिन् ।

❒ वर्ष २८ ❒ अंक ३३१ ❒ २०८० असार १४ गते बिहीबार 29 June 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## जिल्ला निर्वाचन कार्यालय खारेज नहुने

**पाल्पा,** असार १३/जिल्ला निर्वाचन कार्यालयहरु खारेज नहुने भएका छन् । बजेट पारित गर्नुअघि बुधवारको प्रतिनिधि सभा बैठकमा बोल्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले जिल्ला निर्वाचन कार्यालयहरु यथावत् रहने जानकारी गराएका हुन् ।

अर्थमन्त्री डा. महतले जिल्ला निर्वाचन कार्यालयहरूलाई खारेज गर्ने निर्णय सरकारले कार्यान्वयन नगर्ने बताए । जिल्ला निर्वाचन कार्यालय अहिले जसरी सञ्चालन भइरहेका छन् त्यसरी नै चल्न दिने र निर्वाचन आयोगले जसरी चलाउन खोजेको छ त्यसअनुसार गर्नका लागि सरकारले सहयोग गर्नेसमेत मन्त्री महतले बताए । जिल्ला प्रशासन कार्यालयमा निर्वाचन कार्यालय हुँदा सरकारको प्रभाव पर्ने हो कि भन्ने पर्न गएकामा त्यसमा स्पष्ट पार्दै उन भने,'लोकतन्त्र, गणतन्त्र र विधिको शासनका पक्षमा लडेका हामीले निर्वाचनको निष्पक्षताका विरुद्ध उभिन्छौँ भनेर हामी कल्पना पनि गर्न सक्दैनौँ । निर्वाचन कार्यालयहरु जिलला जिललामा छन् । ती कार्यालयहरु त्यसरी नै चल्नेछन् । कुनै आशंका नराख्न म अनुरोध गर्दछु ।' मन्त्री महतले लोकतान्त्रिक मूल्य मान्यता, आवधिक तथा स्वच्छ निर्वाचन भयरहित तवरले सम्पन्न हुनुपर्छ भन्नेमा स्पष्ट रहेको बताए । उनले भने, 'निर्वाचन आयोगलाई संवैधानिक हैसियत संविधानले दिएको छ ।'

### तानसेनका उपभोक्ताले नगर सरकारलाई भने

# 'उपभोक्ता समिति खारेज गरी पानी खुवाऊ'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १३/वर्षैदेखि खानेपानीको समस्या झेल्दै आएका तानसेनवासीले उपभोक्ता समिति खारेज गरी नगर सरकारले जिम्मा लिनुपर्ने बताएका छन् । बुधबार तानसेन नगरपालिकामा भेला भएका उपभोक्ताहरुले वर्तमान खानेपानी उपभोक्ता समिति गैरजिम्मेवार बनेका कारण खानेपानीको समस्या वर्षौंदेखि झेल्नु परेको भन्दै अब समिति खारेज गरी नगर सरकार मातहत ल्याउनुपर्ने बताएका हुन् ।



उनीहरुले उपभोक्ता समितिको गैरजिम्मेवारीपना अब सहन नसक्ने भन्दै तत्काल समिति खारेज गरी नगर सरकारले सर्वसुलभ रुपमा तानसेनवासीलाई पानी खुवाउनुपर्नेमा जोड दिएका छन् । भेलामा उपभोक्ता चित्रवलिराम सुवालले खानेपानीलाई व्यवस्थित गर्ने गरी नगर सरकारले जिम्मा लिनुर्ने बताए । उनले 'तानसेनमा पानी नभएको हैन, त्यसलाई उपभोक्ता समितले व्यवस्थित गर्न नसक्दा हामीले दिनहुँ खानेपानीको समस्या झेल्नु परेको छ ।' तत्काल नगर सरकारले स्वच्छ र सफा खानेपानी खुवाउने प्रतिवद्धता जनाउदै जिम्मेवारी लिने बेला आएको बताए । तानसेनमा खानेपानीको समस्या समाधान गर्न सम्बन्धित निकायलाई पटक-पटक दवाव दिर्दै सर्घषको अगुवाई गर्दै आएका सुर्यबहादुर बोहोराले अवैधानिक समितिलाई खारेज गरी उपभोक्तालाई सहज रुपमा खानेपानी दिने गरी नगर सरकारले जिम्मा लिनुपर्ने बताए । उनले भने 'खानेपानी समस्या समाधानका लागि बरु पार्टी छोडौं तर पानी खुवाऊ भन्दै हामीले पटक-पटक समितिको नेतृत्वलाई आग्रह गऱ्यो तर त्यसतर्फ समितिले चासो दिएन्, तानसेनमा खानेपानीको समस्या छैन्, व्यवस्थापनको अभाव हो ।' उपभोक्ता रमा पन्तले खानेपानीबाट महिला बढी पिडित रहेको भन्दै त्यसको समाधानमा नगर सरकारले ध्यान दिनुपर्ने बताइन् । उनले उपभोक्ता समितिले पानी खुवाउन नसकेको भन्दै नगर सरकारले अब त्यसको जिम्मा लिएर आम उपभोक्तालाई पानीको व्यवस्था गर्न आग्रह गरिन् । पन्तले भनिन् 'काकाकुल जस्तो धरानमा मेयरले पानी खुवाउन सक्ने, यहाँका मेयरले नसक्ने ? यस्तो हुँदैन, अब नगर सरकारले खानेपानीको जिम्मा लिओस् र सर्वसुलभबाट पानी खुवाओस् ।' पाल्पा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष राजु महर्जनले सबै उपभोक्ताको एउटै धारणा नगर सरकारले खानेपानीको जिम्मा लिनुपर्ने रहेको भन्दै त्यसका लागि नगर सरकारले पानी खुवाउने प्रतिवद्धता व्यक्त गर्नुपर्ने बताए । उनले उपभोक्ता समितिले जस्तो काम नगरी पानीलाई व्यवस्थित गर्ने गरी त्यसको जिम्मा लिनुपर्ने धारणा व्यक्त गरे । भेलामा होमनाथ न्यौपानेले शान्त र मर्यादित ढंगबाट उपभोक्ता समिति र नगर सरकारबिच छलफल गरी खानेपानी व्यवस्थित गर्ने दिशामा सोच्न नगर सरकारलाई आग्रह गरे । शिवचन्द्र खनालले पानी खान पाउने नागरिकको नैसर्गिक अधिकार रहेको भन्दै यसको दायित्व स्थानीय सरकाले लिनुपर्ने बताए । विद्यार्थी सुवास गैरेले खानेपानीको समस्याका कारण तानसेनबाट ५० प्रतिशत विद्यार्थी पलायन भएको बताए । उनले खानेपानी जस्तो संवेदशील विषयमा राजनतिक अखडा बनाउन नहुने भन्दै समितिलाई स्वयत्ता बनाउनुपर्नेमा जोड दिए । भेलालाई सम्बोधन गर्दै पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले विगतमा पाल्पा उद्योग वाणिज्य संघले तानसेनमा पानी ल्याएको स्मरण गर्दै अब स्थानीय सरकारले त्यसतर्फ सोच्नुपर्ने बेला आएको बताए । उनले भने 'अब पनि स्थानीय सरकारले नसोच्ने हो भने तानसेन नगरपालिका हैन गाउँपालिका बन्ने निश्चित छ ।' होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ पाल्पाका अध्यक्ष मोहन श्रेष्ठले करोडौं लगानीका होटल खुले पनि पानी अभावले समस्या झेल्नु परेको बताए । उनले मेलञ्चीको पानी काठमाडौंमा ल्याएर खानेपीको समस्या समाधान गर्न सकिएको भन्दै तानसेनमा पनि स्थानीय सरकारले चाहेमा गर्न सकिने बताए । पाल्पा व्यापार संघका थानेश्वर गैरेले खानेपानीको जिम्मा नगर सरकारलाई दिर्दै गर्दा भोलि उपभोक्ता समितिको जस्तै अवस्था नहोस् भन्दै नगर सरकारलाई सचेत गराए । नगर प्रमुख सन्तोष लाल श्रेष्ठले नगर सरकार नियमन गर्ने निकाय भएको भन्दै उपभोक्ताहरुबाट आएको सुझावलाई आत्मसाथ गर्ने बताए । उनले भने 'खानेपानी खुवाउने दायित्व नगर सरकारको हो, तर यसको प्रक्रिया हुन्छ, सोही प्रक्रिया अनुसार नगर सरकारले काम गर्नेछ ।' नगरपालिकाले एउटा समिति बाउने र त्यसबाट स्पष्ट धारणा बनाउने समेत उनले बताए । उनले समिति बनाएर नगरवासीलाई सहज र सुलभ रुपमा पानी खुवाउने प्रतिवद्धा व्यक्त गरे । भेलामा उपभोक्ताहरु ताराबदादुर राना, दिनेश गौतम, भेषराज नेपाल, विष्णुबहादुर खाती, पुष्करराज रेग्मी, किरण चित्रकार, धुर्ब खाती, बलबहादुर राना, लक्ष्मण रेग्मी, लक्ष्मण काफ्ले, केशरी बस्नेत, सुमित्रा थापा, विष्णुमाया थापा, पशुपती राना, मालती पौडेल, रामप्रसाद पाण्डे, गंगा पौड्याल, ठाकुरध्वज कार्की, डुकुलराज ढकाल, माधवप्रसाद पाण्डे, अर्जुन कार्की, दिनेश रावल, वसन्त जिआर, महेन्द्र खाती लगायतका उपभोक्ताहरुले पुरानो समिति खारेज गरी नगर सरकारले जिम्मा लिनुपर्ने बताएका थिए । कार्यक्रममा पूर्णमाया महर्जनको अध्यक्षता, उपप्रमुख प्रतिक्षा सिंजालीको स्वागत, नगर प्रवक्ता यादवसिं कार्कीको सञ्चालनमा भएको थियो ।

### उपभोक्ता समिति खारेज गर्ने निर्णय

यस्तै उपभोक्ताहरुको भेलाले तानसेन खानेपानी उपभोक्ता समिति खारेज गर्ने निर्णय गरेको छ । पूर्णमाया महर्जनको अध्यक्षतामा बसेको भेलाले म्याद सकिएपछि पनि गैरकानुनी तरिकाले सञ्चालनमा रहेको समिति तत्काल खारेज गर्ने निर्णय गरेको हो ।

भेलाले तानसेन नगरपालिकाको प्रत्यक्ष संलग्नता र निगरानीमा नगरकार्यपालिकाको बैठकबाट अर्को निर्वाचन नभएसम्मको लागि तदर्थ समिति गठन गरी सञ्चालन गराउन तानसेन नगरपालिकालाई अख्तियारी प्रदान गर्ने बताएको छ । उसले तदर्थ समितिले बढीमा ६ महिनाभित्र, तानसेन नगरपालिकाले मिति २०८०/०१/२८ मा दिइएको ३ महलिय, १८ बुँदे विधान संसोधन सम्बन्धी लिखित सुझावका साथै अन्य आवश्यक सुझावहरु समावेश गरी विधानलाई नियमनकारी निकायबाट प्रमाणिकरण गराई संसोधित विधान बमोजिम निर्वाचन सम्पन्न गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने अधिकार दिने समेत निर्णय गरेको छ । साविक उपभोक्ता समितिले सञ्चालन गरेको बैंक खाताहरु कार्यपालिकाले निर्माण गर्ने तदर्थ समितिको मातहतमा नआएसम्म रोक्का गर्ने, नगरपालिका र सम्बन्धित बैंकलाई अनुरोध गर्ने पनि भेला निर्णय गरेको छ । निर्वाचनको माध्ययमबाट नयाँ उपभोक्ता समितिले कार्यभार ग्रहण नगर्दासम्म तानसेन खानेपानीको सञ्चालन रेखदेख, नियन्त्रण, कर्मचारी व्यवस्थापन लगायतका सम्पूर्ण कार्यहरु तानसेन नगरपालिकाको प्रत्यक्ष निगरानीमा गठित तदर्थ समितिबाट गर्ने गराउने गरी अख्तियारी दिने समेत भेलाले निर्णय गरेको छ ।


## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौ,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिँडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## बजेट प्रतिनिधिसभाबाट बहुमतले पारित

**पाल्पा,** असार १३/आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ ।

जेठ १५ गते संघीय संसदको संयुक्त बैठकमा अर्थमन्त्री डा.प्रकाश शरण महतले आर्थिक वर्षका लागि पेश गरेको १७ खर्ब ५१ करोड ३१ लाख रुपैयाँ बराबरको बजेट बुधबार प्रतिनिधिसभाबाट बहुमतले पारित भएको हो । उक्त बजेटलाई अर्थमन्त्री डा. महतले पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । प्रस्तावलाई प्रतिनिधिसभाले बहुमतले पारित गरेको हो । बजेटको विपक्षमा नेकपा



एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमतले मत हाले । उनीहरूले बजेट सन्तुलित नभएको भन्दै मतदान गरेनन् । बजेटको पक्षमा १४७ र विपक्षमा १०८ मत परेको छ । बुधबारको बैठकमा २५५ जना सांसद उपस्थित थिए । बजेटको पक्षमा सत्तारुढ कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, एकीकृत समाजवादीलगायतले मत दिएका थिए । बजेट पारित गर्नका लागि सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र, सत्तारुढ दलहरू काँग्रेस, जनता समाजवादी पार्टी, एकीकृत समाजवादी पार्टीले सांसदहरूलाई ह्वीप लगाएका थिए । सांसदरूले राखेका खर्च कटौतीका प्रस्ताव बहुमतले अस्वीकृत भएका थिए । त्यसपछि विनियोजन विधेयकलाई निर्णयार्थ प्रस्तुत गरिएको हो । यसपटक सत्तारुढ दलका सांसदहरूले नै बजेट संशोधन हुनुपर्ने माग राखेका थिए । बजेटमाथिको छलफलका क्रममा सत्तारुढ दलका सांसदहरूले बजेट संशोधन हुनुपर्ने र जस्ताको तस्तै पारित गर्नै नसकिने अडान राख्दै आए थिए ।

पा.जि.हु.द.नं. ७५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवा जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बहुउपयोगी तुलसी

तुलसीलाई हिन्दू परम्परामा विष्णु भगवानको प्रतिक मानिन्छ । हरेक घरमा तुलसी रोप्ने गरिन्छ । घरमा तुलसीको मठ राखे सुख-समृद्धि हुने धार्मिक मान्यता त छँदैछ, यसको लाभ वैज्ञानिक रुपमा समेत प्रमाणित छ । रुघाखोकी, ज्वरो जस्ता थुप्रै बिरामीहरूको उपचारमा तुलसी, घरेलु औषधिका उपयोगमा ल्याउने गरिन्छ । तुलसी घरमा रोप्नाले घर वरपर नकारात्मक उर्जाहरू नास हुने मान्यता पनि छ । हिन्दूहरूका लागि तुलसीको निक्कै महत्व रहने गरेको छ । त्यसैले पनि होला प्रायः हिन्दूहरुले आफ्ना घर अगाडि तुलसीको मठ बनाएर राख्छन् । तुलसीको मठ हुने घरलाई तीर्थ समान मानिन्छ । हिन्दुहरुले हरेक वर्ष आषाढ शुक्ल-पक्षमा पर्ने हरिशयनी एकादशीका दिन तुलसी रोप्ने गर्दछन् । आज पनि घर-घरमा तुलसी रोपिंदै छ । तुलसी धार्मिक, सांस्कृतिकसँगै मानवी स्वास्थ्यका लागि समेत राम्रो मानिन्छ । त्यसैले यसलाई बहुउपयोगी वनस्पतिका रुपमा लिने गरिन्छ । तुलसीले वायुमण्डलमा वहने दुषित हावालाई समेत शुद्धिकरण गर्छ । त्यसैले जो कोहिले घर आँगन, बार्दली, छतमा तुलसी रोप्नुपर्छ । घर अधिल्तिर तुलसीको मठ बनाएर पूजाआजा गर्ने परम्परा पनि छ । यसले हामीलाई तुलसीको सम्पर्कमा पुऱ्याउँछ र स्वास्थ्य लाभ मिल्छ ।

सामान्य घाँटी दुखेको निको बनाउनेदेखि रोग प्रतिरोधात्मक क्षमता बढाउनेसम्ममा तुलसी उपयोगी मानिन्छ । तुलसी आफैमा सर्वगुणी भएकाले यसको संरक्षण आवश्यक छ । अर्कोतिर, यसको साइनो स्वास्थ्यसँग जोडिएकाले सफा र सहज ठाउँमा हुनुपर्छ । घरको आँगनमा तुलसी रोप्दा त्यसको प्रयोगमा त सहज हुन्छ नै घरको वातावरण राम्रो बनाउँछ । तुलसीको एक/दुई पात नियमित रुपमा सेवन गर्दा रोगसँग लड्ने क्षमता बढ्छ । चिसोका कारण ज्वरोले सताएको बेला तुलसीको पातमा अदुवाको केही टुक्रा मिसाएर उमाल्नुपर्छ । त्यसलाई सेवन गर्दा रुघा ज्वरो ठिक हुन्छ । तुलसीसँग जोडिएका यस्ता थुप्रै उपचार विधिहरू छन् । तसर्थ तुलसी रोपेर मात्र हुँदैन त्यसको संरक्षण समेत गर्न जरुरी छ ।

### Opinion @ Social Network

आफुले आफैलाई प्रेरणा दिने हो, जीवनमा आफ्नो काममै व्यस्त हुने हो । न कि अरुका कुरा काट्नु, अरु त चाप्लुसी गरेर हुन्छ कि सती गएर चुनौती दिन उदृत हुन्छन् ।


*(सीता डोटेलको फेसबुक स्टाटस https://www.facebook.com/sita.dotel.75)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हरिशयनी एकादशी र तुलसी रोपण



**मदन देउराली**

*यस हरिशयनी एकादशीको दिन भक्तजनहरु निराहार बसी आफुले गरेका पापकर्महरुबाट मोक्ष प्राप्त गर्न भगवान श्री नारायणको पूजा आराधना गर्ने गर्दछन् । यसरी यो एकादशीको दिन पूजा गर्दा आफुले चिताएको मनोकामना सबै पूरा हुन्छ भन्ने विश्वास पनि गरिन्छ । पौराणिक ग्रन्थहरुमा हरिशयनी एकादशी सम्बन्धमा विभिन्न कथाहरु पाइन्छन् । कुनै समयमा मानधाता नाम गरेका धर्मात्मा राजा थिए । उनी अत्यन्त दयालु, धर्मात्मा तथा आफ्ना प्रजाहरुलाई अत्यन्त माया गर्दथे । राजा आफ्ना प्रजाहरुको भलाइका लागि विभिन्न धार्मिक कार्यहरु गरिरहन्थे तथा अन्य धार्मिक कार्यहरुमा सरिक हुन्थे । उनको राज्यमा धेरै समयदेखि पानी परेको थिएन । जतातत्तै खडेरी थियो । खडेरीले गर्दा मानिसहरु बिरामी पर्न थाले, भोकै मर्न थाले । पानीको समस्याको समाधानको लागि राजा मानधाताले विभिन्न धार्मिक अनुष्ठानहरु पनि गरे तर सफल हुन सकेनन् । धेरैसँग राजाले खडेरीको बारेमा सरसल्लाह पनि गरे तर कसैबाट पनि उनले समस्याको समाधानको बाटो पाएनन् । अन्तमा उनले अंगिरा नामक एक ऋषिलाई भेटे । अंगिरा ऋषिले आषाढ एकादशीका दिन सच्चा मनले धार्मिक अनुष्ठान सहित भगवान श्री विष्णुको पूजा आराधना गर्ने, तथा व्रत बसेमा यो समस्याको समाधान हुने बताए । यसरी ऋषिको सल्लाह अनुसार राजाले आषाढ एकादशीका दिन व्रत बसी धार्मिक अनुष्ठान पूरा गरे ।*

आज आषाढ महिना शुक्ल पक्षको एघारौं दिन एकादशी तिथि । प्रत्येक बर्ष यस दिनलाई हरिशयनी एकादशी भनिन्छ । पौराणिक ग्रन्थ अनुसार आजको दिनदेखि चार महिनासम्म भगवान श्री विष्णु क्षिर सागरमा रहेको शेषनागको शैयामा योग निदामा लिन हुनु भएकाले यस दिनलाई हरिशयनी एकादशी भनिएको हो । त्यस्तैगरी चार महिनापछि कार्तिक शुक्ल एकादशीका दिन भगवान श्रीहरि नाग शैयाबाट जाग्नु हुन्छ यस दिनलाई हरिबोधिनी एकादशीको रुपमा मनाउने गरिन्छ । श्रीहरिको शयनदेखि जागरणसम्मका चार महिनालाई चतुर्मास अर्थात् भगवान श्री विष्णुको चार महिना लामो निद्रा भनिन्छ । यो चार महिना बर्षा ऋतु भित्र पर्दछ । श्रीहरिको यस शयनकालको अवधिमा उहाँको आशिर्वाद प्राप्त गर्न नसकिने भएकाले यस अवधि भित्र कुनै पनि शुभकार्य नगर्नु भनिएको छ । चतुर्मास भरि भगवानको निरन्तर पूजा गर्नाले सम्पूर्ण पापहरु नष्ट भई भगवानको आशिर्वाद एवं कृपा प्राप्त हुने विश्वास गरिन्छ । भविष्य पुराण अनुसार जसले भगवान नारायणको स्मरण गर्दै चतुर्मास ब्रत गर्दछन् उसले मृत्यु पछि विष्णुलोकमा आनन्दपूर्वक निवास गर्न पाउँदछन् भनिएको छ । यस हरिशयनी एकादशीको दिन भक्तजनहरु निराहार बसी आफुले गरेका पापकर्महरुबाट मोक्ष प्राप्त गर्न भगवान श्री नारायणको पूजा आराधना गर्ने गर्दछन । यसरी यो एकादशीको दिन पूजा गर्दा आफुले चिताएको मनोकामना सबै पूरा हुन्छ भन्ने विश्वास पनि गरिन्छ ।

पौराणिक ग्रन्थहरुमा हरिशयनी एकादशी सम्बन्धमा विभिन्न कथाहरु पाइन्छन् । कुनै समयमा मानधाता नाम गरेका धर्मात्मा राजा थिए । उनी अत्यन्त दयालु, धर्मात्मा तथा आफ्ना प्रजाहरुलाई अत्यन्त माया गर्दथे । राजा आफ्ना प्रजाहरुको भलाइका लागि विभिन्न धार्मिक कार्यहरु गरिरहन्थे तथा अन्य धार्मिक कार्यहरुमा सरिक हुन्थे । उनको राज्यमा धेरै समयदेखि पानी परेको थिएन । जतातत्तै खडेरी थियो । खडेरीले गर्दा मानिसहरु बिरामी पर्न थाले, भोकै मर्न थाले । पानीको समस्याको समाधानको लागि राजा मानधाताले विभिन्न धार्मिक अनुष्ठानहरु पनि गरे तर सफल हुन सकेनन् । धेरैसँग राजाले खडेरीको बारेमा सरसल्लाह पनि गरे तर कसैबाट पनि उनले समस्याको समाधानको बाटो पाएनन् । अन्तमा उनले अंगिरा नामक एक ऋषिलाई भेटे । अंगिरा ऋषिले आषाढ एकादशीका दिन सच्चा मनले धार्मिक अनुष्ठान सहित भगवान श्री विष्णुको पूजा आराधना गर्ने, तथा व्रत बसेमा यो समस्याको समाधान हुने बताए । यसरी ऋषिको सल्लाह अनुसार राजाले आषाढ एकादशीका दिन व्रत बसी धार्मिक अनुष्ठान पूरा गरे । सो व्रतको प्रभाव तथा भगवानको कृपाले लामो समयको खडेरी पछि उनको राज्यमा घनघोर बर्षा भयो । सबै प्रजाहरु पनि खुसी भए । राज्यको समृद्धि हुन थाल्यो तथा सबै सुखसँग बस्न सफल भए । त्यस दिन देखि यो आषाढ एकादशीको प्रारम्भ भएको भनिन्छ । अर्को कथा अनुसार आषाढ शुक्ल एकादशीको दिन भगवान श्री विष्णु दैत्य राजा बलीलाई वचन दिए अनुसार हर साल पाताललोकमा वामनको रुपमा जानु हुन्छ तथा ४ महिना रहनु हुन्छ भनिन्छ । वास्तवमा भगवान विष्णुको वामन अवतारको समयमा भगवानले राजा बलिसँग तीन पाइला दान मागेका थिए । जसमा पहिलो र दोश्रो पाइला पछि अन्तिम पाइला राजा बलिले आफ्नो शिर नै थापि दिएका थिए । भगवानको पाइला बली राजाको शिरमा परे पछि बलि राजा पाताललोक पुगेका थिए । बलि राजाको दानशीलता देखि भगवान प्रसन्न भई उनलाई वरदान माग्न भने । राजा बलिले भगवानलाई आफुसँग पाताललोकमा बस्न आग्रह गरे । यसरी भक्तको अनुरोधलाई भगवानले स्वीकारी प्रत्येक वर्ष चार महिनासम्म पाताललोकमा बस्न स्वीकार गरे । यसैलाई चतुर्मास भनिन्छ । आजको दिनलाई पबित्र दिन मानिन्छ । यस दिन भक्तजनहरु आफ्नो घर-घरमा तुलसीको विरुवा रोप्दछन् । हिन्दु धर्ममा तुलसीको विरुवालाई पवित्र विरुवा मानिन्छ । तुलसीलाई भगवान श्री विष्णुको प्रतिक मानिन्छ । स्वस्थानी व्रत कथा अनुसार दैत्यराज जालन्धरले पार्वतीलाई महादवको रुप लिई धोका दिएकोमा भगवान श्री महादेव क्रोधित भई उनलाई मार्न धेरै कोशिस गर्दा पनि जालन्धरकी पत्नी बृन्दाको पतिब्रता धर्मले गर्दा मार्न नसके पछि भगवान श्री विष्णु जालन्धरको रुप धारण गरी बृन्दाको पतिब्रता धर्म भंग गरि दिन्छन् र जालन्धरलाई भगवान श्री महादेवले सजिलैसँग मारि दिन्छन । यता बृन्दाले आफु बिष्णुबाट आफ्नो पतिब्रता धर्म नष्ट भएको र आफ्ना पति जालन्धर महादेवबाट मारिएको थाहा पाई विष्णुलाई ढुँगा, घाँस, रुख तथा झार हुनु परोस् भनि चार थरिका श्राप दिन्छिन् । पतिब्रताको श्रापको मोचन गर्न भगवान श्री विष्णु शालिग्राम, तुलसी, पिपल तथा कुश भएको कुरा स्वस्थानी व्रत कथामा उल्लेख गरिएको छ । यस अनुसार नै तुलसीलाई श्री विष्णु मानि पूजा गर्दै आएको भनिन्छ । यो विश्वास गरिन्छ कि तुलसीको हाँगामा ब्रह्माजी, जरामा धार्मिकस्थलहरु, गंगा जरा भएर बग्दछ, देवताहरु हाँगा तथा पातमा, तथा हिन्दु धर्म शास्त्रको बेद माथिल्लो हाँगामा बसेको हुन्छ । हिन्दू दर्शनमा भगवान विष्णुको प्रतीक मानिएको तुलसीलाई निकै महत्वपूर्ण वनस्पतिका रुपमा लिइन्छ । तुलसीको बोटले धेरै अक्सिजन फाल्ने भएकाले पनि यसलाई घर आगनमा लगाइने गरेको गरिन्छ । धार्मिकरुपमा पवित्र एवं कल्याणकारीका साथै आयुर्वेदमा अनेक रोगको निदान गर्ने गुणकारी महा औषधिका रुपमा तुलसीलाई आफ्नो घर आगनमा चोखो स्थानमा आजको दिनमा रोपण गरिने गरिन्छ ।

परापूर्वकालदेखि घर आगनमा तुलसी रोप्नुको अर्को कारण यसले घरको स्थिति एवं भविष्य संकेत सूचक वनस्पतिको रुपमा तुलसीको उपयोग गरेको भनिन्छ । घरमा कसैमाथि संकट आउन थालेको छ भने सबभन्दा पहिला त्यस्को असर घर आगनमा रोपिएको तुलसीको बोटमा देखिन्छ । राम्रो सप्रिएको तुलसीको बोट विस्तारै सुक्दै जानु पछि बोट नै मर्नु भनेको घरमा कुनै अनिष्ट हुनुको संकेत मानिन्छ । यसले घरमा नकारात्मक असर रहेको बताउँछ । धर्मशास्त्र अनुसार जुन घरमा समस्या उत्पन्न हुन थालेको छ त्यस घरमा सबै भन्दा पहिला तुलसीको बोट ओइलाउन थाल्छन रे । परापूर्वकालदेखि नै हाम्रा पूर्वजहरुले तुलसीको बोटलाई भगवान विष्णुको प्रतिक मात्र नमानेर घर परिवारमा सुख शान्ति सम्बृद्धि तथा ऐश्वर्यको सूचकको रुपमा पनि तुलसीलाई प्रयोग गरेको पाइन्छ । तुलसी बाह्रै महिना पाइने वनस्पति हो । यसको डाँठ, पात, फूल सबै महत्वपूर्ण औषधि हुन् । तुलसीमा मानव शरिरको हर रोगको लागि चाहिने गुण पाइन्छ । विभिन्न रोगहरुमा तुलसीको नियमित प्रयोगले आराम हुन्छ । तुलसीको पात नियमित सेवन गर्दा धेरै रोगहरुबाट बच्न सकिन्छ । तुलसीको पातमा भिटामिन डि, भिटामिन सी, क्यालसियम, जींक, आइरन आदि पाइन्छ । हिन्दू धर्म परम्परामा मानिसको जन्म मृत्युमा पनि तुलसीको अति महत्वपूर्ण स्थान रहेको पाइन्छ । आजको दिन नेपालका धेरैजसो पवित्र नदिनाला, पोखरीहरुमा नुहाउन जाने भक्तजनहरुको भीड लाग्ने गर्दछ । पाल्पामा पनि रिडी, राम्दी आदि पवित्र नदिहरुमा नुहाई भगवान ऋषिकेश नारायणको दर्शन गर्न भक्तजनहरुको घुँइचो लाग्दछ । अस्तु !

**(लेखक देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष समेत हुन् ।)**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । समाजसेवामा मन लाग्नेछ। | **तुला** : परिवारमा सुख सन्तोष छाउनेछ । सफल यात्राको योग छ । |
| **वृष** : विद्या र बुद्धिको विकास हुनेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ । | **वृश्चिक** : आजको दिन लाभहानी माध्यम रहनेछ । कार्यबाट अधिक सफलता मिल्नेछ। |
| **मिथुन** : धार्मिक कार्यमा रुचि बढ्नेछ। प्राविधिक क्षेत्रमा रुचि बढ्नेछ । | **धनु** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **कर्कट** : सौन्दर्यतामा धन खर्च हुनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ । | **मकर** : रमाइलो यात्राको योग रहेको छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । मित्रबाट विशेष सहयोग मिल्नेछ। | **कुम्भ** : मिठो बोलीले कार्य सम्पादन हुनेछ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ । |
| **कन्या** : प्राविधिक काममा सफलता प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : शरीरमा आलस्य आउला । अनावश्यक ठाउँमा धन खर्च होला । |




पौराणिक कथा — कमल रिजाल

# पशुबलि



**न पशुपन्छीको बलि दिँदैमा देवीदेवता खुसी हुन्छन् न धर्म वा मनोकामना पूरा नै हुन्छन् । बरू के चाहिँ हो भने बलिवेदीमा काटिएका पशुपन्छीको श्रापले उल्टै हानिनोक्सानी बेहोर्नुपर्ने अवस्था भने आउन सक्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यसैसम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ । धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना विद्वान् ब्राह्मण बस्थे । उनी ज्ञानी थिए, गुणी गुणी थिए । वेदवेदान्तको खानी नै मानिन्थे । सेवा, सत्कार र परोपकार त उनको मूलभूत विशेषता नै थियो । देवता तथा पितृको आशीर्वाद थियो, इष्टमित्र थिए, धन थियो, सम्पत्ति थियो । कमी थियो त केवल सन्तानको ।**

देवीदेवताको नाममा प्राय: हामी पशुपन्छीको बलि दिने गर्छौं । हामीमध्ये धेरैले कुलायन पूजामा समेत पशुपन्छीको बलि दिँदै आएका छौं । यसरी बलि दिँदा उनीहरू खुसी भएर मनोकामना पूरा गरिदिन्छन् भन्ने हाम्रो विश्वास छ । तथापि वास्तविकता के हो भने बलि दिँदैमा देवीदेवता खुसी भएर वरदान दिन्छन् वा फलिफाप हुन्छ भन्ने कुरा भने अन्धविश्वासबाहेक केही होइन । न पशुपन्छीको बलि दिँदैमा देवीदेवता खुसी हुन्छन् न धर्म वा मनोकामना पूरा नै हुन्छन् । बरू के चाहिँ हो भने बलिवेदीमा काटिएका पशुपन्छीको श्रापले उल्टै हानिनोक्सानी बेहोर्नुपर्ने अवस्था भने आउन सक्छ । भाइबहिनीहरूको जानकारीका लागि यहाँ यसैसम्बन्धी एउटा कथा प्रस्तुत गरिएको छ ।

धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना विद्वान् ब्राह्मण बस्थे । उनी ज्ञानी थिए, गुणी गुणी थिए । वेदवेदान्तको खानी नै मानिन्थे । सेवा, सत्कार र परोपकार त उनको मूलभूत विशेषता नै थियो । देवता तथा पितृको आशीर्वाद थियो, इष्टमित्र थिए, धन थियो, सम्पत्ति थियो । कमी थियो त केवल सन्तानको । भौतिक सुख, सुविधा भए पनि खोइ कुन्नि किन हो, जीवनको उत्तरार्धसम्म सन्तान सुख भने मिलेको थिएन । यद्यपि सन्तान होस् भनेर हरिवंश पुराण पनि लगाएकै हुन् । शतचण्डी पनि गराएकै हुन् । भोकालाई खान र नाङ्गालाई लगाउन पनि दिएकै हुन् । धर्मशाला बनाए, पाटीपौवा बनाए । चौतारो बनाए, पौशाला खुलाए । तथापि सबै प्रयास व्यर्थ भए । अन्त्यमा गुरुपुरोहित तथा ज्योतिषहरूको सल्लाह अनुसार पुत्रेष्टि नामको यज्ञ गराए । सात दिनसम्म देश विदेशका विद्वान्हरू जम्मा भएर यज्ञ सम्पन्न गरे । समाप्तिमा पशुबलि दिनुपर्छ भन्ने भयो । जब्बर बोको किनेर ल्याइयो । जब बोकाको पूजा गरी काट्न लागियो उसले अट्टहास गर्दै भन्यो-

'यजमान ! यस यज्ञको नाम के हो ?'

प्रतिउत्तरमा ब्राह्मणले भने-

'किन र बलि देवता ? यसलाई पुत्रेष्टि यज्ञ भनिन्छ ।'

'यसो गर्नाले के हुन्छ ?'

'देवता खुसी भएर मनोकामना पूरा गरिदिन्छन् ।'

'कसको मनोकामना पूरा गरिदिन्छन् ?'

'यज्ञ मैले गरेको छु भने मेरै गरिदिन्छन् नि अरू कसको ?'

'ए ! यसैका लागि मलाई काट्दै हुनुहुन्छ होइन ?'

'हो, बलिदेवता ! सत्य त्यही हो ।'

'यसबापत मैले चाहिँ के पाउँछु नि ?'

'तिमीले स्वर्ग जान पाउँछौ ।'

'कसरी ?'

'कसरी भन्ने ? यज्ञवेदीमा काटिएका पशुपन्छीलाई देवीदेवता आफ्नै साथमा लिएर जान्छन् ।'

'कसले भनेको ?'

'धर्मशास्त्रले भनेको, धर्मगुरुले भनेका ।'

'होइन उनीहरूले गलत भनेका छन् ।'

'गलत भनेका छन् ?'

'हो गलत भनेका छन् । मलाई स्वर्ग प्राप्ति हुन्छ हुन्न त्यो त थाहा छैन तर तपाईंले भने घोर अनिष्ट भोग्नुपर्ने छ ।'

'कसरी ?'

'कसरी भन्ने । यति बुझ्नुस् यसबापत तपाईंले पनि अर्को जन्ममा बोकाको जन्म लिएर यसै गरी बिनाकसुर काटिनुपर्ने छ ।'

'कहाँ त्यस्तो हुन्छ ?'

'किन हुँदैन ।'

'के छ त्यसको प्रमाण ?'

'म आफैँ छु ।'

'के भन्न खोजेका हौ, प्रष्ट पार्न सक्छौ ।'

त्यसपछि बोकाले आफ्नो विगत सम्झाउँदै भन्यो-

'हेर्नुस्, म पनि पूर्वजन्ममा तपाईंजस्तै ब्राह्मण थिएँ । ज्ञानी थिएँ, गुणी थिएँ । सबै किसिमको विद्यामा पारङ्गत थिएँ । सबैको सक्दो उपकार गरेँ । तथापि बिडम्बना कहाँ के भएछ कुन्नि एक दिन नराम्रोसँग बिरामी परेँ । जानेबुझे जति ओषधी मुलो गरियो तर ठिक भएन । त्यसपछि गुरुपुरोहितको सल्लाह अनुसार माता भगवतीको उपासना गरी एउटा कालो बोको खोजेर बलिदान दिइयो । बलिदानको काम के सकिएको थियो उसकी आमाले आएर रुँदै भनी-

'हे पापी ब्राह्मण ! तिमीले आफ्नो स्वार्थ पूरा गर्न मेरो निर्दोष छोरा मार्‍यौ । तिमीले पनि अर्को जन्ममा बोकाको जन्म पाएर यसैगरी बिनाकसुर काटिनुपर्ने छ ।'

यस्तो श्राप दिएर ऊ हिँडी । कता गई थाहा भएन तर मेरो भने त्यसै दिनबाट थप दुर्दिन सुरु भयो । न बेथा ठिक भयो न सम्पत्ति नै बचाउन सकियो । बिनाकसुर आइपरेको मुद्दा मामिलाको झमेला बेहोर्नुपर्दा सबै सम्पत्ति सकियो । जब सम्पत्ति सकियो, सबै सकियो । आफ्नो भन्ने कोही पनि भएनन् । यहाँसम्म कि मर्ने बेला एक घुट्को पानी खुवाउनसमेत कोही आएनन् । त्यतिसम्म त ठीकै थियो, मरेपछि पनि त्यस बाखीको श्रापले छाडेन । उसले भनेबमोजिम बोकाको जीवन लिनुपरेकाले त्यसैको फल भोग्न तपाईंका सामु उपस्थित भएको छु । यद्यपि पशुयोनीमा छु । तैपनि पूर्वजन्मको सम्झना भने अहिले पनि ताजै छ ।' बोकाको कुरा सुनेर ब्रह्मणको आँखा खुल्यो । उनले तत्कालै उसलाई बन्धनबाट मुक्त गरी पूरा जीवन परहित र परोकारमा बिताए । मरेपछि खाने कोही नभएकाले सबै सम्पत्ति यस्तै कार्यमा लगाए । फलत: यसैको प्रभावले अर्को जन्ममा मुक्ति लाभ गरी स्वर्गमा गएर आनन्दले बस्न लागे । धेरै पहिलेदेखि सुन्दै आएको यस कथामा केकति सत्यता छ, त्यो त थाहा छैन तर पशुपन्छीको बलि दिँदा देवता खुसी हुँदैनन् भन्ने कुरा भने सत्य हो । पहिलो कुरा त देवीदेवताले पशुपन्छीको बलि नै खाँदैनन् । दोस्रो कुरा धर्मशास्त्रमा जुन बलिदानको कुरा आएको छ, त्यो अबोध पशुपन्छीको नभई आफैँलाई दु:ख दिने काम, क्रोध, लोभ, मोह, अहङ्कारको हो । यस्तै कामबाट देवीदेवता खुसी भई मनोकामना पूरा हुने वातावरण तयार गरिदिन्छन् ।

*-रातोपाटी डटकम*

निबन्ध — बिनोद खड्का

# कहाँ जाँदै थिए होलान् ती वृद्ध ?

फेसबुकमा रिल हेर्दै थिएँ । एउटा सानो रिल मेरो नजरमा ठोक्किन आइपुग्यो । दृश्यमा भारतको एउटा प्लेटफर्मबाट रेल गुड्न सुरु भयो र बिस्तारै त्यसको गति बढ्दै थियो । एक जना वृद्ध दौडिँदै सकी नसकी त्यो रेलभित्र पस्ने प्रयास गर्दै थिए । उनको एउटा हातमा पोको थियो । उनले ढोकामै पुगेर रेललाई अर्को हातले समातेका पनि हुन् । आफ्नो पुरै शरीरलाई रेलभित्र हुत्याउने प्रयास पनि गरेकै हुन् तर सम्भव भएन, उनी लडे । रेलले उनलाई छोडेर गयो । ती वृद्ध लड्न सक्ने सम्भावना देखिसकेका रेलवेकै एक जना सुरक्षाकर्मी उनी भएतिरै दौडिँदै थिए । सुरक्षाकर्मीले वृद्धलाई रेलको पटरीभित्र खस्न सक्ने सम्भावनाबाट बचाए । क्षणभरमै अरू पनि सुरक्षाकर्मीहरू दौडिँदै पुगे घटनास्थलमा र सबैले ती वृद्धलाई सहयोग गरे ।

त्यो रिल सकियो । अर्को रिल आयो । त्यसपछि अर्को, अर्को । सानो प्रस्तुति तर निकै गहन, निकै मिहिन । मेरो मस्तिष्क भने त्यही रिलमा घुमिरह्यो । के मिलेन र ती वृद्ध सफल भएनन् हिँडिरहेको त्यो रेलभित्र प्रवेश गर्न ? के ले रोक्यो उनलाई त्यो रेलको डिब्बाभित्र घुस्रिन ? के उनको मानसिक शक्तिले नै साथ नदिएको हो ? वा उनको शारीरिक दुर्बलताका कारण उनी सफल भएनन् ? उनको प्रयास पक्कै पनि केवल अन्दाजमा थिएन बरु आँट र विश्वासमा थियो । तर किन काम गरेन उनको आँट र विश्वासले ? अनेक प्रश्नहरू जन्मिए क्षणभरमै । हामी मानवजातिले जानेको भनेकै प्रश्न गर्न त हो । त्यसो त प्रश्न नै नगर्ने हो भने समस्या कसरी पहिल्याउने ? समस्या नै पहिल्याउन सकिएन भने समाधान कसरी जन्मिएला र ? मलाई लाग्दैन कि ती वृद्धले पहिलो पटक यात्रा गरेका थिए रेलमा । वा पहिलो पटक यात्रा गर्दै थिए त्यो प्लेटफर्मबाट । उनले पक्कै पनि उनको जीवनमा धेरै पटक यात्रा गरिसकेका छन् त्यो प्लेटफर्मबाट । फरक यत्ति हो कि उनको उमेरसँगै उनको आँटले काम गर्न सकेन होला । उनको आत्मविश्वासले साथ दिएन होला । उनको शारीरिक क्षमताले उनलाई उचाल्न सकेन होला । उही हो शरीर, उही हो उनी, त्यही हो रेल, त्यही हो प्लेटफर्म, फरक त समय मात्रै हो । यत्ति हो कि अब उनमा त्यो शक्ति रहेन जसको भरमा उनी वर्षौं पहिलेदेखि नै हिँड्न थालेको रेलमा सहजै चढ्थे । हाम्रो मानव जीवनको संरचना नै यस्तै छ । जस्तै बाहुबली भए पनि उमेर चढेसँगै बाहुबल बढ्दैन, सँगै बस्दैन । स्वाभाविक रूपमा आफूसँग भएको बल पनि निस्तेज हुँदै जान्छ । त्यसैले मान्छेले जीवनभर एकै प्रकारको प्रयास गर्नु नगर्नुको कुनै अर्थ रहँदैन । सबै कुराहरू समयको चक्रमा घुम्दै जाने हो । सबै समय उस्तै हुँदैन कुनै पनि मान्छेका लागि । सोचाइका तरङ्गहरूमा फैलिँदै गर्दा अनायासै भाइबरमा कल आयो परदेशीलाई । रिलबाट ध्यान भाग्यो । घरदेशबाट जीवन सङ्गिनीको कल आएको थियो । संवादमा थोरै समाचारहरू आदान प्रदान भए, यताका र उताका । थोरै गर्नु पर्ने कामहरूका बारेमा छलफल भए । आर्थिक पाटोमा पनि छलफल भयो । यो छलफलको प्रक्रिया निरन्तरता हो कुनै आकस्मिकता होइन । "मैले हजुरलाई नभनीकनै एउटा काम गरेँ । गाली नगरिस्यो है । ...मैले चन्द्रमा बनाएँ ।" एउटा नौलो कुरो खस्यो संवादमा । आउट अफ ट्रेक थियो के रे त्यसैले उनले गाली नगर्ने बाचा गराइन् पहिल्यै । त्यसो त गाली नै गर्नु पर्ने के थियो र, आखिर सम्पत्ति नै जोडिएको थियो । पैसा परिवर्तन भएर धातु बनेको थियो र आफ्नै पोल्टामा थियो । "रहर लागेको चिज बनाउनु पर्छ आफूले सकेको बेलामा । पछि आउने बाटो नभएपछि बनाउन सकिन्न । अहिले त काम छ, कमाइ छ । ठिकै त भो नि ।" मैले सहमति जनाएँ । मान्छेको जिन्दगी अनौठो त होइन तर कहिलेकाहीं चाहिँ अचम्मै लाग्दो रहेछ । हामी कमाउँछौं, जम्मा गर्छौं । पाई पाई हिसाब गर्छौं आफ्नो मिहिनेतको कमाइ । यता तानेर उता तानेर व्यवहार मिलाउँछौं । आफ्नो परिश्रमको कमाइलाई जसरी पनि मिलाउने कोसिस गर्छौं । परिणाम शान्तिपूर्ण नै हुन्छ । हाम्रै देशको कुरा गर्ने हो भने एउटा तलबी जागिरेले मोटा सिक्री गलामा र औंलै पिच्छे औंठी घुसाउनै सक्दैन । यदि कसैले घुसार्‍यो भने कि त ऊ बिदामा घर आएको लाहुरे हो या त कुनै बिचौलिया या ठेकेदार । नेपालको जागिरेको तलब संरचना हेर्दा यो सम्भव हुँदैन ।

यदि कुनै जागिरेले साँच्चिकै मोटै सिक्री गलामा र औंलै पिच्छै औंठी घुसार्‍यो भने त्यसको जीवनको रेल तलबको ट्र्याकमा होइन बरु अरू नै ट्र्याकमै चल्छ भन्ने बुझौं । किनभने कुनै पनि संस्थाले त्यति मनमौजी सोख पुरा गर्ने गरी तलब दिँदैन । दिँदै दिँदैन । त्यसमाथि तलबको थाप्लोले बोक्ने आवश्यकताको भारी निकै ठुलो हुन्छ कुनै पनि जागिरेको जीवनमा । तर पनि कुनै त्यस्ता रहरहरू हुन्छन् जुन पुरा गर्न सकिन्छ, कन्जुस नै पनि बन्नु पर्दैन । यो मेरो नितान्त विचार हो । मान्छेले पाई पाई हिसाब गरेर जम्मा गरेको पैसा जोडेर थैली बनाउँछ । त्यही थैली चढेर सन्तानले शिक्षा दीक्षा आर्जन गर्छन् । त्यही थैलीकै आडमा विदेशतिर पनि हानिन्छन् । कसैले त त्यही प्रयोजनका लागि शीर्णको डोको पनि बोक्छ । उडेको रहर फर्किन्छ कि फर्किँदैन यसै भन्न सकिँदैन । आफ्ना रहरहरूलाई थाँती राख्न मान्छे असाध्यै माहिर छ । पछि सकियो भने जोडौंला, पछि हुँदा लगाउँला, हुँदा खाउँला, गरुँला भन्दाभन्दै मान्छे तिनै वृद्ध मान्छेको हालतमा पुग्छ । उमेरले उकालो चढेको पत्तै पाउँदैन । लेक त पुग्ला नपुग्ला तर आफ्नै अन्दाजहरू आफ्ना लागि बिराना बन्छन् । आफ्नै विश्वासहरू आफैलाई छोडेर परदेसिन्छन् । सधैं चढ्ने गरेको रेलले पनि छोडेर जान्छ । त्यही होइन र ती वृद्धको अवस्था ? एक जना हैदरावादी मित्र राजुभाइ भन्थ्यो, "जो दुख करके जोड्ता हे ऊ चयन नही कर सकता हे । जो चयन करता हे ऊ दुख नही करता हे । हम जो कमाते हे, अपने ही कमाइ खर्च करने कि लिए डरते हे । बाद मे छोडके जाते भी हे । ओ ये पैसा खर्च करेगा और खुस रहेगा जीसने ये सम्पत्ति कमाया हि नही । जीवनके यही यथार्थ हे, कोही रहस्य नही हे । हम केवल यथार्थको नजर अन्दाज करते हे ।" म दोहाको विमानस्थलबाट यात्रा गर्दा देख्ने गर्छु थुप्रै जोर बा आमाहरू । तिनीहरूमा फरक फरक किसिमका उत्साह र अन्दाजहरू देख्छु । जो विदेश जाँदै छ उसमा केही हदसम्म ऊर्जा देख्छु । जो विदेशबाट फर्कँदै छ उसमा कुनै उत्साह भेट्दिन । यद्यपि थोरै बा आमाहरू भने निकै उत्साहित र खुसी देख्छु । खास गरी ती बा आमाहरू खुसी देख्छु जसलाई आफ्नो जन्मथलो, घर, आँगन र गाउँ पुग्ने हुटहुटीले लखेटिरहेको हुन्छ । थोरै खुसीहरू त्यहाँ पनि देख्छु जो विदेशका अनुभवहरूलाई आफ्नै समकालीन मित्र मण्डलीमा बाँड्न आतुर हुन्छन् । आखिर किन धेरै बा आमाहरूमा परदेशबाट फर्किंदा त्यो उत्साह देखिँदैन जो उनीहरू उता जाँदा देखिन्छ ? के परदेशबाट फर्किनु पर्‍यो भनेर हो ? बिलकुलै होइन । उत्तर खोज्ने जिम्मा तपाईंलाई नै लगाएँ । महँगो डलरको बुई चढाएर छोराछोरीलाई विदेश पुर्‍याउने ती बा आमाहरू धेरैजसो तेल भिसाको अवसरमा पुगेका हुन्छन् विदेश । थोरै मात्रै छोराछोरी हुन्छन् जसले घुमाउने नै प्रयोजनका लागि बा आमालाई विदेश पुर्‍याओस । औँलामा गन्न सकिनेले लैजाँदा हुन् आफ्नो माता पिताको हेरचाह गर्ने नै उद्देश्यले । जब छोराछोरीहरू विदेश जाँदै हुन्छन्, हातमा एउटा पोको बोकेकी आमा भन्छिन्, "ल यत्ति झोलामा हाल । बिचमा खान हुन्छ भोक लागेका बेलामा ।" "ल अलिकति पैसा बाहिर राख । बिचमा केही किनेर खानु हुन्छ भोक लागेका बेलामा ।" बा भन्छन् अलिकति पैसा आफ्नो सन्तानको पकेटमा हालिदिँदै । तर तीनै बा आमाहरू विदेशबाट फर्किँदा बाटोखर्च दिने सन्तान हत्तपत्त भेटिँदैनन् । नपत्याए अनुसन्धान गरेर हेर्नुस् ।

दोहाको विमानस्थलमा अरू यात्रीहरू त्यहाँभित्रका फुड आउटलेटमा पेट भरिरहेका हुन्छन् तर ती बा आमाहरू अघिल्लो उडान कहिले होला र जहाजमा भोक मार्न पाइएला भनेर कुरिरहेका हुन्छन् । उनीहरू निकै लामो यात्रा गरेर आएका हुन्छन् र अझै साँढे चार पाँच घण्टा लामो उडानमा त उड्नु नै छ । भोकले कसैलाई छोड्दैन, बा आमालाई मात्रै के छोडोस् । बा मनमनै सोच्छन् - मैले मसँगै आएकी मेरी जीवन सङ्गिनीलाई केही खानेकुरा पनि दिन सकिन । आफूसँग साथमा डलर छैन । भएको पनि सन्तानलाई नै छोडेर आइयो उनका मायाले । कति भोकाएकी होली ऊ तर म उनलाई भोक लाग्यो भनेर सोध्नेसम्म पनि आँट गर्न सक्दिन । आमा मनमनै सोच्छिन्- बिचरा बुढासँग दुई पैसा भा भो केही खाऊ भन्दा हुन् किनेर । नभएरै हो चुपचाप छन् । किन दुखाउनु उनलाई मुख खोलेर । उनलाई पनि त भोकले छोडेको छैन । उनी मुख खोल्ने आँट गर्दिनन् । त्यत्रो लामो यात्रामा जाँदै छन् बा आमा । जहाजकै खानाको भर के पर्नु । मन पर्ला नपर्ला बुढो शरीरलाई । दोहामा रोकिएका बेलामा त्यहाँको फुर्डकोर्टतिर पसेर केही खाना खानु है भनेर रियाल पोल्टोमा हालिदिने कोही सन्तान तपाईंले भेट्नु भएको छ ? ल रियाल नपाए केही डलर नै हाल्दिए पनि त हुन्छ नि हैन ? हामी सन्तानको मायाको खातिर सबै उनैको हो भन्छौं, उनैलाई थुपारिदिन्छौं । आफ्नो पोल्टो बेलैमा रित्याउँछौं । तर हामी किन आफ्नै भविष्य सोच्दैनौं ? हामी किन हाम्रै आवश्यकताहरू बुझ्न सक्दैनौं ? हामीहरू किन हाम्रा रहरहरूलाई मार्छौं ? के हामी मायाजालमै अड्केका हौ त ? के यही हो जीवनको नियम ? कहाँ जाँदै थिए होलान् ती वृद्ध ? किन हतारमा थिए उनी कि चलिसकेको रेलभित्र पस्ने प्रयास गरे आफ्नो जीवनलाई नै जोखिममा पारेर ? के त्यस्तो हतार थियो होला कि उनले हिँडिसकेको रेलमा नै पस्ने प्रयास गरे । को छ होला उनलाई पर्खेर बस्ने उनको बाटो हेर्दै । कहाँ छ होला त्यो गुँड जहाँ उनीजस्तै अर्को एउटा मान्छे उनकै प्रतीक्षामा बसिरहेको होस् । वा उनको जीवनमा त्यस्तो कुनै सङ्गिनी नै छैन होला जो उनको बाटो हेरिरहेको होस् । वा त्यस्तो गुँड नै छैन होला जहाँ उनले ओत भेटुन् । फेरि किन उनी गुडिरहेको रेलमा नै चढ्ने प्रयास गर्दै थिए ? कहाँ छन् होला ती जसलाई उनले आफ्नो काँधमा राखेर संकटका झेलहरू तरेका थिए । कहाँ छन् होला ती जसको सुन्दर भविष्य निर्माणका खातिर उनी शीर्णको बन्धकले कुँजो परेका थिए । के उनीहरू खोज्दै होलान् ती वृद्ध मान्छेलाई ? के साँच्चै उनीहरू ती वृद्धको खोजीमा निक्लेका होलान् ? सायद शून्य । म अझै उत्तर खोजिरहेछु, कहाँ जाँदै थिए होलान् ती वृद्ध ?

*-साहित्यपोष्ट डटकम*

# रामपुर नगर सरकारले पत्रकारिता पढ्नेलाई सहयोग गर्ने



**रामपुर (पाल्पा),** असार १३/ जिल्लाको रामपुर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रममा पत्रकारिता क्षेत्रलाई प्राथमिकतामा राखेको छ । नगरपालिकाले पत्रकारको क्षमता विकासका लागि स्नातकोत्तर तहमा पत्रकारिता विषय लिएर अध्ययन गर्न चाहने पत्रकारलाई विशेष सहयोग गर्ने भएको हो ।

आगामी आव २०८०/८१ का लागि नीति तथा कार्यक्रममा पत्रकारिता सम्बन्धी नीतिमा नगरका क्रियाशील पत्रकारलाई अध्ययनका लागि विशेष सहयोग गरिने उल्लेख छ । उक्त कार्यक्रम पाल्पाकै नमूना भएको नगरपालिकाले जनाएको छ । पत्रकारिता गर्ने सञ्चारकर्मी तथा पत्रकारिता क्षेत्रको विकासका लागि नगरपालिकाले आगामी आवदेखि लागू हुने गरी स्नातकोत्तर तहमा अध्ययन गर्ने पत्रकारका लागि नीति तथा कार्यक्रममा समावेश गरेको नगरप्रमुख रमणबहादुर थापाले बताए ।
'राज्यको चौथो अङ्गका रूपमा रहेको पत्रकारिता क्षेत्रले समाजको सही, सत्य र निष्पक्ष सूचना प्रवाह गरेको हुन्छ', उनले भने 'त्यस क्षेत्रमा क्रियाशील पत्रकारलाई दक्ष बनाउन स्नातकोत्तर तह पढ्नेलाई रामपुर नगरले विशेष सहयोग गर्नेछ ।' पत्रकारिता विषय अध्ययनका लागि नगरभित्र रहेर सक्रियरूपमा पत्रकारिता गर्ने पत्रकारले विशेष सुविधा पाउने छन् । यस कार्यक्रमले रामपुरमा क्रियाशील पत्रकारमा खुसीयाली छाएको छ । पत्रकारिता विषय लिएर अध्ययन गर्ने मन भए पनि अर्थभावमा रहेका पत्रकारलाई यो कार्यक्रमले धेरै सुविधा पुग्नेछ । रामपुर नगरपालिकाभित्र हाल एफएम रेडियो, टेलिभिजन, अनलाइन, छापा माध्यमलगायतका विभिन्न सञ्चारमाध्यममा गरी करिब ३० सञ्चारकर्मी क्रियाशिल छन् ।

तानसेनबाट करिब ६५ किलोमिटर पूर्वमा रहेको रामपुरमा पछिल्लो समय सञ्चारमाध्यमको विकास हुँदै जाँदा पत्रकारितामा रुचि राख्ने सञ्चारकर्मी पनि बढ्दै गएका छन् । रामपुरमा बसेर राष्ट्रियस्तरका विभिन्न सञ्चारमाध्यममा पत्रकारिता गर्ने जनशक्ति उत्पादन भएको छ । पत्रकारिता विषय लिएर स्नातकोत्तर तहसम्मको अध्ययन गर्ने पत्रकार भने अति न्यून छन् । समाजमा भएका यथार्थ घटना पत्रकारले देश तथा विदेशमा खबर पुऱ्याउने भएकाले राम्रो र सक्षम पत्रकार उत्पादन गर्न उनीहरूको शैक्षिक गुणस्तर विकासका लागि आगामी आवदेखि लागू हुने गरी नयाँ कार्यक्रम ल्याएको प्रशासकीय अधिकृत लेखनाथ न्यौपानेले बताए । स्नातकोत्तर तहमा पत्रकारिता अध्ययन गर्नका लागि धेरै रकम लाग्ने, अर्कोतर्फ काठमाडौँमा नै गएर भर्ना भएर पढ्नुपर्दा आर्थिक भार हुने हुँदा पढ्ने रुचि भएर पनि धेरैले पढ्न नसकिरहेको अवस्था छ । नगर सरकारले विशेष सहयोग कार्यक्रम ल्याएपछि पत्रकारितामै भविष्य बोकेका पत्रकारलाई धेरै राहत मिल्ने नेपाल पत्रकार महासंघ पाल्पा शाखाका सदस्य दुर्गेश मल्ल बताउँछन् । पत्रकारिता क्षेत्रमा केही अध्ययन गरेर राम्रो गर्छु भनेर लागिरहेका छन् । कतिपय पत्रकारिता क्षेत्र नै राम्ररी नबुझीकन यो क्षेत्रमा लागेका छन् । रामपुर नगरले पत्रकारिता क्षेत्रलाई महत्व दिएर नीति तथा कार्यक्रममा समावेश गरेपछि पत्रकारिता गरिरहेका सञ्चारकर्मी उत्साहित बनेका छन् । *-रासस*

## खेलकुद समाचार

# नेपाल सेमिफाइनल प्रवेश



**काठमाडौं,** असार १३/मलेसियामा जारी एसिसी पुरुष यू-१६ इस्टर्न जोन कप क्रिकेटको पहिलो खेलमा नेपालले थाइल्यान्डलाई पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । मलेसियाको बाँगीमा बुधबार भएको खेलमा नेपालले थाइल्यान्डलाई दुई सय २५ रनको फराकिलो अन्तरले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो ।

योसँगै प्रतियोगितामा दोस्रो हार बेहोरेको थाइल्यान्ड प्रतियोगिताको समूह चरणबाट बाहिरिएको छ । थाइनयान्ड पहिलो खेलमा घरेलु टोली मलेसियासँग पराजित भएको थियो । खेलमा नेपालले थाइल्यान्डलाई जितका लागि दुई सय ७० रनको लक्ष्य दिएको थियो । जवाफमा थाइल्यान्ड १३ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ४४ रनमा समेटियो । थाइल्यान्डका लागि ईसान बेर्नोजीले १६ रन बनाए भने ओपनर डानुफोनले १२ रन जोडे । त्यसबाहके अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । थाइल्यान्डलाई सस्तैमा समेट्ने क्रममा नेपालका सन्तोष यादव एक्लैले पाँच विकेट लिए भने अशोक धामीले ३ तथा कप्तान अभिसेक तिवारीले २ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ३५ ओभरमा ८ विकेट गुमाउँदै दुई सय ६९ रनको योगफल बनाएको थियो । नेपालका ओपनर नीरजकुमार यादवले सर्वाधिक ७४ रनको योगदान दिए भने नरेन भट्टले अविजित ५५ रन बनाए । त्यस्तै सुर्यान्शु कोइरालाले ४० तथा सन्तोष यादवले ४२ रन जोडे । थाइल्यान्डका निटपाखन मनुवु, पनुवात र इशान बानेर्जीले समान २२२ विकेट लिए भने सादा र पियावत नेङ्गीले सामान १/१ विकेट लिए । उक्त प्रतियोगितामा नेपाल समूह 'ए' मा रहेको छ । समूह 'ए' मा मलेसिया र थाइल्यान्ड छन् । त्यस्तै समूह 'बी' मा हङकङ, सिङ्गापुर, माल्दिभ्स र इन्डोनेसिया छन् । नेपालले अब आफ्नो समूह चरणको अन्तिम खेल शुक्रबार मलेसियासँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा लाग्यो ओरालो



**पाल्पा,** असार १३/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार बुधबार नेप्से परिसूचक ३५ दशमलव ३७ अंकले ओरालो लागेर दुई हजार एक सय ५० दशमलब ९९ मा सीमित भएको हो ।

बुधबारको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ७६ अंकले ओरालो लागेर चार सय दुई दशमलबव ७५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये एक उपसमूहको मात्रै शेयर मूल्यमा बृद्धि भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कारोबारमा विभिन्न कम्पनीका कूल एक करोड ३३ लाख ४२ हजार नौ सय ९६ कित्ता शेयर रु पाँच अर्ब ९७ करोड २२ लाख ८६ हजार चार सय ८१ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार रकमका आधारमा हिमालयन लायफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । उक्त कम्पनीको रु ८३ करोड ७० लाख ३६ हजार सात सय ९१ बराबरको कारोबार भएको छ । त्यस्तै शिवम् सिमेन्ट रु २८ करोड २२ लाख ६७ हजार पाँच सय ५९, सोल्टी होटल रु २३ करोड ५६ लाख ३८ हजार नौ सय ९९, एशियन लाइफ इन्स्योरेन्स रु १९ करोड ५० लाख ७२ हजार र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स रु १७ करोड २७ लाख ७६ हजार दुई सय ७४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स बीपीडब्ल्यू लघुवित्त र सिटी होटलको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै सामुदायिक लघुवित्त आठ दशमलब १६ र शुभम् पावर कम्पनीको शेयर मूल्य आठ दशमलव ११ प्रतिशतले बढेको छ । साथै इन्ग्वा हाइड्रोपावर छ दशमलब ६४, खप्तड लघुवित्त छ दशमलब १५, तारागाउँ रिजेन्सी होटल छ दशमलब ११, मकर जीतमाया सुरी हाइड्रोपावर पाँच दशमलब ८६ र ग्लोबल आइएमई लघुवित्तको शेयर मूल्य पाँच दशमलव ७१ प्रतिशतले घटेको छ ।

# आज तुलसी रोपी मनाइदैं हरिशयनी एकादशी



**पाल्पा,** असार १३/आज घरघरमा तुलसीको बिरुवा रोपी हरिशयनी एकादशी मनाइँदै छ । आषाढ शुक्ल एकादशीदेखि भगवान् विष्णु क्षीर सागरमा शयन गर्ने धार्मिक विश्वासमा हरिशयनी एकादशी पर्व व्रत, पूजा, पाठ गरी मनाइन्छ ।

हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण दिनका रुपमा लिइने यो दिन निराहार व्रत बसी भगवान् श्रीविष्णु (हरि) र तुलसीको पूजा अर्चना गरेमा आफ्नो मनोकामना पूरा हुने जनविश्वास छ । जेष्ठ शुक्ल एकादशी अर्थात् निर्जला एकादशीका दिन घर घरमा राखिएको तुलसीको दलबाट आजै विरुवा रोपी चार महिनासम्म विधिपूर्वक पूजा पनि सुरु गरिन्छ । कार्त्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिनसम्म भगवान् विष्णु शयन गर्ने भएकाले त्यसदिनसम्म विधिपूर्वक तुलसीको पूजा आराधना गरिन्छ । असारदेखि कात्तिकसम्म 'चतुर्मास माहात्म्य' पाठ गर्ने र कथा वाचन एवम् श्रवण गर्ने परम्परा छ । जेठ शुक्ल एकादशीका दिन बीउ रोपी आजका दिन सारिएको तुलसीलाई छोरीका रुपमा घरमा हुर्काई बढाई हरिबोधिनी एकादशीका दिन दामोदर अर्थात् भगवान् विष्णुसँग विवाह गर्ने गरिएको भनाइ पनि छ । वैज्ञानिक रुपमा बढी अक्सिजन दिने भनी प्रमाणित भएको तुलसीलाई आयुर्वेदिक औषधिका रुपमा समेत उपयोग गरिन्छ । वैदिक कालदेखि नै पीपल, कुश, तुलसी र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकस्वरुप पवित्र मानिन्छ । वर्षमा २४ एकादशी पर्छन् । तीमध्ये आषाढ शुक्ल र कार्त्तिक शुक्ल एकादशीलाई ठूली एकादशीका रुपमा लिइन्छ । अरु २२ एकादशीका दिन व्रत बस्न नसक्नेले पनि यी दुई एकादशीमा व्रत बस्ने गर्छन् ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८०/०२/०५ गतेका दिन **नेपाल लाइफ इन्स्योरेन्स**को संस्कार श्रेष्ठको नाममा जारी बिमा (पोलिसी) नम्बर ३३३०००६९४ को बिमालेख पाल्पाको रामपुरदेखि तानसेनतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** संस्कार श्रेष्ठ
**ठेगाना :** रामपुर-५, पाल्पा
**सम्पर्क नं :** ९८११९७०३२६

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई